# प्रेश विज्ञप्ती

## “मुक्तिनाथ विकास बैंक लि.को चौधौं वार्षिक साधारण सभा सम्पन्न”

**मिति: २०७७/०९/२५**

मुक्तिनाथ विकास बैंक लि. ले मिति २०७७ पौष २५ गतेका दिन पोखरामा चौधौं **वार्षिक साधारण सभा सम्पन्न** गरेको छ । उक्त साधारण सभाले आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन, आ.व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरु सहित आ.व. ०७६/०७७ को मुनाफाबाट सेयरधनीहरुलाई (४.२५७४ प्रतिशत नगद लाभांस र ११.२५ बोनस सेयर सहित) १५.५०७४ प्रतिशत लाभांस वितरण गर्ने सामान्य तथा विषेश प्रस्तावहरु सर्वसम्मत पारित गरेको छ ।

बैंकका सञ्चालक समितिका अध्यक्ष श्री भरतराज ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकका सञ्चालक समितिका सदस्य श्री गजेन्द्रमान श्रेष्ठले स्वागत मन्तब्य राख्नु भएको थियो । बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले बैंकको हालको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । सोही समारोहमा बैंकका संस्थापक अध्यक्ष श्री खगेन्द्रराज रेग्मीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

साथै, बैंकले कोरोना (COVID-19) महामारीको विषम परिस्थितिमा भर्चुअल माध्यमबाट पनि सेयरधनीहरुलाई सहभागिता गराइएको थियो । साधारण सभामा अध्यक्षले सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उक्त प्रतिवेदन उपर प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट सहभागी हुनु भएका सेयरधनीहरुबाट सल्लाह, सुझाव र जिज्ञासाहरु प्राप्त भएको थियो । सेयरधनीहरुबाट प्राप्त जिज्ञासाहरुलाई सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्नुभएको थियो ।

तिल बहादुर गुरुङ्ग
प्रमुख सूचना अधिकारी